# छात्रवृत्ति सम्बन्धी सूचना

HIMALAYAN TRUST NEPAL

प्रथम पटक प्रकाशित मितिः २०७७।०।१६

सोलुखुम्वु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट नेपालको साझेदारीमा "समृद्धिको लागि शिक्षा" भन्ने मुल नाराका साथ स्थापना गरिएको "खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट छात्रवृत्ति कार्यक्रम २०७७" का लागि स्वीकृत छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७ अनुसार खुम्बु पासाङल्हामु गाँउपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका विद्यार्थीहरुको लागि स्नातक तह अध्ययनका लागि तपसिल अनुसारको विषय र संख्यामा छात्रवृत्तिको लागि आवेदन आव्हान गरिएको छ ।

तपशील

| क.स. | बिषयगत क्षेत्र | सिट संख्या | क.स. | बिषयगत क्षेत्र | सिट संख्या |
|---|---|---|---|---|---|
| १ | बि.ई (सिभिल इञ्जिनियरिङ) | २ | ७ | बि.एड. (गणित) | ४ |
| २ | बि. एस्सी. (वन विज्ञान) | १ | ८ | बि.एड. (अंग्रेजी) | ४ |
| ३ | बि. एस्सी. (कृषि) | २ | ९ | बि.एड. (सामाजिक) | ४ |
| ४ | बि. एस्सी. (भेटेरीनेरी) | २ | १० | बि. एस्सी. (वातावरण विज्ञान) | १ |
| ५ | एल.एल.बी. (स्नातक कानुन) | १ | ११ | स्नातक (पर्यटन व्यवस्थापन) | १ |
| ६ | बि.एड. (विज्ञान) | ४ | १२ | स्नातक (कम्प्युटर साइन्स र आई.टी.) प्रत्येक विषयमा १ जना | २ |
| | | | | **कुल** | **२८** |

**छात्रवृत्ति आवेदन दिनका लागि आवश्यक योग्यता र मापदण्ड**

क) आवेदक खुम्बु पासाङल्हामु गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनु पर्ने । ख) नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थावाट कक्षा १२ उतीर्ण गरेको हुनुपर्ने

ग) गाउँपालिकाले २०७६ सालमा छात्रवृत्ति आव्हान गर्दा आवेदन दिने आवेदकहरुले तोकिएका बिषय मिल्ने भएमा पुनः आवेदन दिन सक्ने तर पढाई शुरु गरिसकेकाहरुको हकमा भने बाँकी अवधिको लागि मात्र छात्रवृत्ति दिईने छ ।

**निवेदन दिनुपर्ने अन्तिम मितिः**

कक्षा १२ को नतिजा प्रकाशन भएदेखि ३० दिन कार्यालय समयभित्र

**छात्रवृत्ति सम्वन्धी निवेदन पेश गर्ने स्थानः**

छात्रवृत्ति आवेदन फाराम खुम्बु पासाङल्हामु गाउँपालिकाको वेभसाईट www.khumbupasanglhamumun.gov.np र हिमालयन ट्रष्ट नेपालको वेवसाईट www.himalayantrust.org.np वाट डाउनलोड गर्न सकिने छ भने खुम्वु पासाङल्हामु गाउँपालिका तथा मातहतका वडा कार्यालयहरु र हिमालयन ट्रष्टको कार्यालय डिल्लीवजार काठमाडौंवाट प्राप्त गरी भरेर वुझाउन पनि सकिने छ । **छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि २०७७** वेभसाईटमा उपलब्ध छ ।

छात्रवृत्ति सम्बन्धी थप जानकारीका लागि हिमालयन ट्रष्ट नेपालको फोन नं. ०१-४५१२१६८, खुम्वु पासाङल्हामु गाउँपालिकाको कार्यालय क्याङमामा सम्पर्क गर्न सकिनेछ ।